बैठक मितिः २०८०/१२/६

बैठक सङ्ख्याः २९

छलफल तथा निर्णयः

१. खानेपानी मन्त्रालयको चालु आ.ब. २०८०/८१ को ब.उ.सि.नं. ३१३०११०५ अन्तर्गत अजिरकोट (१-५) बृहत् पम्पिङ् खानेपानी तथा सरसफाई आयोजना, गोरखाको बहुवर्षीय ठेक्का सहमतिको लागि आयोजना प्रस्ताव प्राप्त भएकोमा अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) प.सं. २०८०/८१ च.नं. १०६७ मिति २०८०/११/२१ को पत्रबाट चालू आ.ब.को विनियोजन समेत गरी रू. ३५ करोडको स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण पालना गर्ने र आगामी आ.व.को लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही मापदण्डको दफा ६(३) बमोजिम तत् तत् आ.व. मा प्राप्त बजेट सीमाबाटै अनिवार्य रूपमा बजेट प्रस्ताव गर्ने गरी प्रचलित ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।
२. खानेपानी मन्त्रालयको चालु आ.ब. २०८०/८१ को ब.उ.सि.नं. १३०११०५ अन्तर्गत आदर्श साईलीगाड बृहत् खानेपानी आयोजना, डोटीको बहुवर्षीय ठेक्का सहमतिको लागि आयोजना प्रस्ताव प्राप्त भएकोमा अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) प.सं. २०८०/८१ च.नं. १०६७ मिति २०८०/११/२१ को पत्रबाट चालू आ.ब.को विनियोजन समेत गरी रू. ३० करोडको स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण पालना गर्ने र आगामी आ.व.को लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही मापदण्डको दफा ६(३) बमोजिम तत् तत् आ.व. मा प्राप्त बजेट सीमाबाटै अनिवार्य रूपमा बजेट प्रस्ताव गर्ने गरी प्रचलित ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।
३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० मा व्यवस्था गरिएका सम्पूर्ण आधारहरू समेत खुलाई सिफारिस साथ प्राप्त भएको सेती लोकमार्ग, टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट सडक आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।
४. मध्यमकालीन खर्च संरचना (आ.व. २०८१/८२-२०८३/८४) को प्रस्तावित ढाँचामाथि छलफल हुँदा आयोगको बैठकमा उठेका विषय समेत समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो।